धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

प्रस्तावना: सुदुरपश्चिम प्रदेशमा प्रतिफलमा आधारित अनुदान कार्यक्रममार्फत मसिनो धान खेतीको व्यवसायीकरण गरी धानको उत्पादन र उत्पादकत्व वृद्धि गरी मसिनो धान खेतीलाई थप व्यवस्थित गरी आन्तरिक माग पुर्ति गर्दै मसिनो धानको आयात प्रतिस्थापन गर्दै कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गरी मसिनो धान खेतीको उत्पादन लागत न्यूनीकरण गर्न तथा धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान वितरण कार्यलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिच्छेद -१
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो कार्यविधिको नाम "धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भए पछि सुदुरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **कार्यक्रम** भन्नाले धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम लाई सम्झनु पर्छ।

(ख) कृषक भन्नाले व्यवसायिक रुपमा मसिनो धान उत्पादनमा सहभागी हुन इच्छुक व्यक्ति, कृषक समूह, कृषि सहकारी संस्था, कम्पनी, फर्म सम्झनु पर्छ ।

(ग) केन्द्र भन्नाले कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

(घ) धान मिल भन्नाले दफा बमोजिम सुचीकृत व्यवसायिक कम्पनी सम्झनु पर्छ ।

(ङ) प्रदेश भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

(च) **कार्यक्रम निर्देशक समिति** भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(छ) **कार्यक्रम कार्यान्वयन तथा प्राविधिक समिति** भन्नाले दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ज) **मन्त्रालय** भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(झ) **लाभग्राही** भन्नाले कार्यक्रममा आवद्ध भई अनुदान प्राप्त गर्ने वा गरेका कृषक सम्झनु पर्छ ।

परिच्छेद -२

समिति सम्बन्धी व्यवस्था

३. <u>निर्देशक समिति</u> : यस कार्यविधि बमोजिम धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय	- संयोजक
(ख) प्रमुख, कृषि विकास निर्देशनालय	- सदस्य
(ग) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय	- सदस्य
(ङ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय	- सदस्य
(च) प्रमुख, खाद्य सुरक्षा तथा व्यवसाय प्रवर्द्धन महाशाखा	-सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> दफा ३ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) धान खरिदका लागि मिलहरु सुचिकृत तथा छनौट गर्ने,

(ख) बिभिन्न जातका मसिनो धानको खरिद मुल्य निर्धारण तथा मन्त्रालयले कृषकलाई प्रदान गरिने अनुदान तोक्ने,

(ग) अनुदानको लागि विनियोजित रकमको परिचालन सम्बन्धी अनुगमन गर्ने,

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

(घ) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य नीतिगत विषयहरुमा मन्त्रालय तथा मातहतका निकायहरुलाई आवश्यक निर्देशन दिने।

५. <u>कार्यक्रम कार्यान्वयन तथा प्राविधिक समितिः</u> अनुदान कार्यक्रम सम्बन्धी कार्यको जिल्ला तहमा प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारको समिति रहनेछः-

(क) प्रमुख, केन्द्र -संयोजक

(ख) अधिकृत, जिल्ला समन्वय समिति -सदस्य

(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ -सदस्य

(ङ) बाली विकास वा कृषि प्रसार अधिकृत -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विशेषज्ञ/स्थानीय तहका कृषि शाखा प्रमुख लगायतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. <u>कार्यक्रम कार्यान्वयन तथा प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> दफा ५ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:-

(क) अनुदानको प्रभावकारी वितरणका लागि आमकृषकहरु समक्ष जानकारी गराउन प्रचार प्रसार गर्ने,

(ख) मन्त्रालयले छनौट गरेका मिलहरुलाई परिचालन गरी आवेदन संकलनको व्यवस्था मिलाउने तथा पेश गर्नुपर्ने कागजात निर्धारण गर्ने,

(ग) मिलले संकलन गरेका आवेदनहरुको अनुगमन तथा निरीक्षण गर्ने

(घ) मिलमार्फत मसिनो धान खरिद गराउने तथा अनुगमन गर्ने,

(ङ) अनुदान रकम प्रवाह गर्ने

(च) अनुदान वितरणका क्रममा कृषकहरुका गुनासोहरुलाई यथोचित रुपमा सम्बोधन गर्न पहल गर्ने,

(छ) कार्यक्रम निर्देशक समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ३
धनगढी, कैलाली

परिच्छेद-३

कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण

७. कार्यक्रम सञ्चालनका प्रक्रियाः (१) यस कार्यक्रम सहभागी भई मसिनो धान खरिद गर्न ईच्छुक मिलहरुलाई सुचीकृत हुन मन्त्रालयले धान खेती सिजन सुरु हुनुपुर्व सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदन प्राप्त भईसके पश्चात निर्देशक समितिको बैठक बसी सम्बन्धित आ.ब. मा अनुदान प्रदान गरिने धानको परिमाण तथा जात, कार्यक्रम कार्यान्वयन हुने क्षेत्र, अनुदान रकम र धान मिल छनौट सम्बन्धी निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्णय भईसके पश्चात मन्त्रालय/केन्द्रले कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकहरुलाई आफुलाई पायक पर्ने मन्त्रालयले सुचीकृत गरेको मिलमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मिलमा आवेदन पेश भईसके पश्चात सम्बन्धित मिलले सक्कलै निवेदन तथा अनुसूची-३ बमोजिमको विवरण केन्द्रमा पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरण केन्द्रमा प्राप्त भईसके पश्चात केन्द्रले सम्बन्धित मिलको समन्वयमा आवेदक कृषकको फिल्ड अनुगमन तथा प्रमाणीकरण गर्नेछ ।

(६) उपदफा (५) बमोजिम फिल्ड अनुगमन तथा प्रमाणीकरण भएका कृषकहरुको सम्बन्धित मिलले धान खरिद गरी कृषकको अनुदान रकम भुक्तानी पाँउ भन्ने अनुसूची-४ बमोजिमको आवेदन तथा अनुसूची-५ बमोजिमको अभिलेख विवरण केन्द्रलाई बुझाउनेछ ।

(७) उपदफा (६) बमोजिम मिलले खरिद गरेको धानको परिमाणको सम्बन्धित केन्द्रले निरीक्षण तथा अनुगमन गर्नेछ।

(८) उपदफा (५) बमोजिमको अनुगमन तथा निरीक्षण पश्चात केन्द्रले कृषकहरुलाई भुक्तानी गर्नुपर्ने अनुदान रकमको हिसाबकिताब गरी कृषकहरुको बैंक खातामार्फत भुक्तानी दिने व्यवस्था मिलाउनेछ ।

(९) यस कार्यक्रममा सहभागी हुने मिलहरुलाई केन्द्रले मसिनो धान खरिदको परिमाणका आधारमा नगद प्रोत्साहन अनुदान वा संरचनात्मक सुधार सहयोग तथा प्राविधिक परिचालनका लागि पचास प्रतिशत पूँजीगत अनुदान उपलब्ध गराउन सक्नेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

(१०) यस कार्यक्रम अन्तर्गत मसिनो धान उत्पादन प्रवर्द्धन गर्न स्वीकृत बजेटको परिधि भित्र रही केन्द्रले यस कार्यक्रममा सहभागी हुने कृषकहरुलाई धान उत्पादनका क्रममा आवश्यक बीउ, बिषादी, सिंचाई सहयोग तथा उत्कृष्ट मसिना धान उत्पादक कृषकलाई पुरस्कारसमेत उपलब्ध गराउन सकिनेछ ।

(११) उपदफा (९) र उपदफा (१०) बमोजिम मिललाई प्रदान गरिने अनुदान र कृषकलाई दिईने अनुदान निर्देशक समितिको निर्णय अनुसार हुनेछ ।

परिच्छेद-४

अनुगमन र समन्वय

८. अनुगमन : (१) यस कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरुको अनुगमन मन्त्रालय, निर्देशनालय, केन्द्र तथा अन्य साझेदार निकायले संयुक्त वा छुट्टाछुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अनुगमन गरी आवश्यक देखिएको अवस्थामा अनुदानग्राही तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई सुधारका लागि निर्देशन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको स्थलगत अनुगमन तथा निरीक्षण कार्यको प्रतिवेदन तयार गरी अभिलेख राखी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य रहनेछ ।

परिच्छेद-५

विविध

९. अभिलेख राख्ने व्यवस्था: यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख केन्द्रले अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१०. सहकार्य तथा समन्वय गर्न सक्ने: मन्त्रालय वा केन्द्रले यस कार्यक्रम कार्यान्वयनका क्रममा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुसँग प्राविधिक तथा आर्थिक साझेदारी गर्न सक्नेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

११. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

१२. <u>कार्यविधि संशोधन:</u> यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१३. <u>बचाउ:</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुसूची -१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

सुचीकृत हुन आवेदनको ढाँचा

श्री..... मितिः.....

.....।

विषयः **सुचीकृत हुन पाउँ भन्ने बारे ।**

उपर्युक्त सम्बन्धमा तहां कार्यालयको मिति.....गते प्रकाशित सूचना अनुसार धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालनका लागी सुचीकृत हुन पाउँ भनी यसै आवेदन साथ तपसिल कागजातहरु संलग्न राखी यो आवेदन पेश गर्दछु/छौ ।

निवेदकः

.....

..... मिल

तपसिलः

१. मिल दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. हाल मिल संग रहेका संरचनात्मक विवरणहरु
३. मसिनो धान खरिद गर्न सकिने परिमाण

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

अनुसूची -२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

प्रोत्साहन अनुदानका लागि आवेदनको ढाँचा

श्री....., मितिः.....

.....।

विषयः **प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउँ बारे ।**

उपर्युक्त सम्बन्धमा ..... को मिति.....गते प्रकाशित सूचना अनुसार धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन पाउँ भनी यसै आवेदन साथ तपसिलको विवरण तथा कागजातहरु संलग्न राखी यो आवेदन पेश गर्दछु/छौ ।

निवेदकः

.....

.....कृषक समुह/सहकारी/फर्म

विवरणः

क्र.सं	खेती गर्ने धानको जात	क्षेत्रफल(कट्ठा)	सिंचाईको व्यवस्था		अनुमानित उत्पादन (के.जी.)
			भएको	नभएको	

पेश गरेका कागजातहरुः

१.

२.

३.

४.

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

अनुसूची -३

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

विवरणको ढाँचा

क्र.सं	कृषकको नाम	ठेगाना	खेति गर्ने धानको जात	क्षेत्रफल(कट्ठा)	अनुमानित उत्पादन (के.जि)	मोबाईल नं.

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

अनुसूची-४

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

प्रोत्साहन अनुदान रकम भुक्तानी पाउन आवेदनको ढाँचा

श्रीमान कार्यालय प्रमुख ज्यू, मितिः.....

कृषि ज्ञान केन्द्र.....।

विषयः **प्रोत्साहन अनुदान रकम भुक्तानी पाउँ बारे** ।

उपर्युक्त सम्बन्धमा कार्यालयको मिति.....गते प्रकाशित सूचना अनुसार धान मिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम अन्तर्गत म/हामी..... ले तपसिलको विवरण अनुसार मसिनो धान बिक्रि गरेको हुँदा यसै आवश्यक कागजातहरु यसै निवेदन संलग्न राखी यो अनुदान रकम भुक्तानीका लागी अनुरोध गर्दछु/छौ ।

निवेदकः

.....

.....कृषक समुह/सहकारी/फर्म

विवरणः

क्र.सं	बिक्रि गरेको धानको जात	बिक्रि परिमाण (के.जि)	अनुदान रकम (प्रति के.जि)	जम्मा अनुदान माग रकम (रु)	धान बिक्रि गरेको मिलको नाम

पेश गरेका कागजातहरुः

१. बैक खाता विवरण

२.

३.

४.

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी

अनुसूची -५

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

अभिलेख विवरण

क्र.सं	कृषकको नाम	ठेगाना	बिक्रि गरेको धानको जात	परिमाण	मिलले भुक्तानी गरेको रकम (रु)	अनुदान प्रदान गर्नुपर्ने रकम (रु)	बैंकको नाम	खाता नं

मिलको आधिकारिक दस्तखत:

मिलको छाप

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री
विनिता देवी चौधरी